# विधान संशोधन

## नेपाल अटोल्यारीङ्गोलोजिस्ट सोसाइटीको विधान २०५४ को संशोधित तिनमहले विधान २०८२

| | साविकको अवस्था | हालको अवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| १. | **परिच्छेद ५. २. ग (आजीवन सहयोगी सदस्य)** | **परिच्छेद ५. २. ग (आजीवन सहयोगी सदस्य) थप**<br>अ.स्पीच ल्याङ्गवेज प्याथोलोजिस्ट, अडियोलोजिस्ट, स्वालोइङ्ग थेरापिष्ट तथा *Allied Subject* (सम्बद्ध विषय) विशेषज्ञहरु सदस्य बन्न सक्ने छन् ।<br>आ. स्पीच ल्याङ्गवेज प्याथोलोजिस्ट, अडियोलोजिष्ट, तथा स्वालोइङ्ग थेरापिष्ट शान (SHAN) मा दर्ता भएको हुनु पर्नेछ ।<br>इ *Allied Subjects* (सम्बद्ध विषय) को हकमा सम्बद्ध सदस्यता लिनको लागि सम्बन्धित बिषयमा स्नाकोत्तर गरेको हुनु पर्ने तथा सम्बन्धित संस्थामा दर्ता भएको हुनु पर्ने छ ।<br>ई. Head and Neck Surgeon को हकमा स्नाकोत्तर गरेर नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ (*Specialist*) मा दर्ता भएका चिकित्सक सहयोगि सदस्य हुन सक्नेछन् । | समाजमा मुल विशेषज्ञका साथै सो विषयसंग सम्बन्धित विशेषज्ञहरुलाई पनि समाजमा समेट्न । |
| २. | **परिच्छेद ५.३** आजिवन सदस्यको लागि प्रवेश शुल्क र आजिवन सदस्यता शुल्क जम्मा रु ५५०० र आजिवन सहयोगी सदस्यता शुल्क रु ३००० मात्र तोकिएको छ । | आजिवन सदस्यताको लागि प्रवेश शुल्क र आजिवन सदस्यता शुल्क र आजिवन सहयोगी सदस्यताको लागि प्रवेश शुल्क र सदस्यता शुल्क समय अनुकुल कार्यकारिणी समितिले निर्धारण गरी लागु गर्ने छ । | शुल्क तोक्न आवश्यक र शान्दर्भिक नभएकोले |
| ३. | **परिच्छेद ५.४.**सदस्यता प्राप्त गर्ने विधि | **परिच्छेद ५.४. ग थप** ( सदस्यताका लागि आवश्यक शैक्षिक योग्यता र कागजपत्रहरु स्नाकोत्तर उर्त्तिण प्रमाणपत्र, नेपाल मेडिकल काउन्सिल *(Medical Council)* को दर्ता प्रमाण पत्र *-Registration Certificate*), विशेषज्ञ प्रमाण पत्र (*Specialist* | विषय विशेषज्ञलाई मात्र समाजमा आवद्ध गर्नको लागि । |

| | | | |
|---|---|---|---|
| | | *registration Certificate)*,नेपालको राष्ट्रिय परिचय पत्र वा नागरिकता वा पासपोर्ट प्रतिलिपी र दुई प्रति फोटो (पासपोर्ट साईज) । | |
| ४. | | **परिच्छेद ५. ८. थप** समाजको कुनै पनि सदस्यहरुले संस्थाको अहित हुने, संस्थाको मान मर्यादामा आँच आउने वा अनुशासन बिपरित कार्य गरेमा केन्द्रिय कार्य समितिको दुई तिहाई सदस्यहरुको सहमतिमा समिति बनाई छानविन गरि आबश्यक कार्यवाहि गर्न सक्ने छ । | समाजलाई विधान बमोजिम अनुशासित तवरले संचालन गर्न आवश्यक भएकोले । |
| ५. | **परिच्छेद ८ साधारण सभा** यो सभा २ वर्षमा कम्तीमा एक पटक कार्यकारिणी समितिले वोलाउने छ । | **परिच्छेद ८.साधारण सभा** यो सभा हरेक वर्ष कम्तिमा एक पटक कार्यकारिणी समितिले बोलाउने छ । | हरेक बर्ष अडिट तथा वार्षिक रिपोर्ट जि.प्र.का.मा बुझाउनु पर्ने भएकोले । |
| ६. | **परिच्छेद ९ .क** समाजको दैनिक कार्य संचालनको लागि अध्यक्ष समेत गरि जम्मा ९ जनाको कार्यकारिणी समिति रहने छ । | **परिच्छेद ९ .क.** समाजको दैनिक कार्य संचालनको लागि अध्यक्ष समेत गरि जम्मा ११ जना कार्यकारिणी समिति रहने छ । | समाजको कार्य संपादन सहज गर्न कार्यसमितिको संख्या बढाउनु पर्ने भएकोले । |
| ७. | **परिच्छेद ९.** ख) कार्यकारिणी समितिमा अध्यक्ष: १, उपाध्यक्ष: १, महासचिव: १, सहसचिव: १, कोषाध्यक्ष: १, सहकोषाध्यक्ष:१, र सदस्य: ३ पदाधिकिारीहरु रहने छन । | **परिच्छेद ९. ख**. कार्यकारिणी समितिमा अध्यक्ष: १, उपाध्यक्ष: १, महासचिव: १, सहसचिव: १, कोषाध्यक्ष: १ र सदस्यहरु: ६ पदाधिकारीहरु रहने छन । | पदाधिकारी तथा सदस्यको संख्या नियम अनुसार व्यवस्था गर्न र सोहि अनुसार कार्य विभाजन सरल बनाउन । |
| ८. | | **परिच्छेद ९ ज** **कार्यकारीणी समितिका पदाधिकारी तथा सदस्य हुन आवश्यक योग्यता वा मापदण्ड :** १. अध्यक्ष पदमा उम्मेदद्वारी दिनको लागि एक कार्यकाल समाजको पदाधिकारी एवं आजीवन सदस्य भएको हुनुपर्ने छ । २. अन्य पदाधिकारी पदको लागि उम्मेदद्वारी दिन कम्तिमा २ वर्ष आजीवन सदस्य भएको हुनु पर्नेछ । | कार्यकारिणी समितिमा परिपक्व र अनुभवि सदस्यहरुबाट समाज संचालन गर्न |

| | | | |
|---|---|---|---|
| | | ३. सदस्य पदमा उम्मेदद्वारी दिनको लागि कम्तिमा १ वर्ष आजीवन सदस्य भएको  हुनुपर्ने छ।<br>४.समाजको पदाधिकारी एवं सदस्यहरु दुई कार्यकाल निर्वाचित भई कार्य गर्न सक्नेछ। | |
| ९. | **परिच्छेद १०.** | **परिच्छेद १०. ९ थप**<br>९.समाजको जर्नल तथा अध्ययन सामाग्री प्रकाशन गर्न सकिनेछ। सोको मापदण्ड तोके बमोजिम हुनेछ। | समाजको जर्नल एवं अन्य अध्ययन तथा प्रचार सामाग्री सम्पादन गरी प्रकाशन गर्न आवश्यक भएकोले |
| १०. | **परिच्छेद ११** | **परिच्छेद ११**<br>**निर्वाचन प्रकृया**<br>ङ) थप निर्वाचन सम्बन्धि अन्य ब्यवस्था तोकेको निर्देशिका बमोजिम हुनेछ। | निर्वाचन सम्बन्धि थप नियमावलीमा व्यवस्था गरी लागु गर्न |
| ११. | **परिच्छेद १४** | **परिच्छेद १४.ज थप**<br>*SOL* नेपालको सम्मेलनको लागि वक्तृत्व (Oration) को लागी कोष सचालन गर्न तोकिए बमोजिम आवश्यक कार्य गर्न सक्नेछ। | समाजको नाममा छुटटै कोष संचालन गर्न आवश्यक भएकोले |